# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५३) काठमाडौं, भदौ२२गते२०६० साल (अतिरिक्ताङ्क२८(क+१)


## भाग ३

### श्री ५ को सरकार

### श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले श्रम ऐन, २०४८ को दफा २१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐन लागु हुने चिया बगान प्रतिष्ठानहरूमा काम गर्ने कामदार वा कर्मचारीहरूका लागि न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा देहायबमोजिमको न्यूनतम पारिश्रमिक तथा महंगी भत्ता तोकेको छ ।

| १) कामदार वा कर्मचारीको वर्गीकरण | मासिक न्यूनतम पारिश्रमिक |
|---|---|
| क) बालिग | रू. १,६८३।- |
| ख) नाबालिग | रू. १,२६२।- |

२) प्रकरण १ बमोजिमको न्यूनतम मासिक पारिश्रमिकमा देहायबमोजिमको मासिक महंगी भत्ता थप गरी दिनुपर्नेछ ।

क) बालिग रू. ४००।-

ख) नाबालिग रू. २६५।-

३) दैनिक ज्यालादारीमा काम गर्ने कामदारलाई देहायबमोजिमको दैनिक ज्याला दिनुपर्नेछ ।

क) बालिग रू. ७४।-

ख) नाबालिग रू. ५६।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः

१) यस सूचनाको प्रयोजनको लागि नाबालिग भन्नाले चौध वर्षको उमेर पुगेको तर सोह्र वर्षको उमेर पूरा नगरेको कामदार वा कर्मचारी सम्झनु पर्छ ।

२) सोह्र वर्ष उमेर पुगेको नाबालिगलाई बालिग सरह पारिश्रमिक र भत्ता दिनुपर्नेछ ।

खण्ड ४९, अतिरिक्ताङ्क ५० ख, मिति २०५६।१२।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्रम मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
नारायणप्रसाद सिलवाल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

222